त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
परीक्षा शाखा, बल्खु ।

## Grading System अनुसार स्नातकोत्तर तह दोश्रो वर्ष चौथो शत्र-२०७३ समूहको परीक्षा आवेदन फाराम भर्ने सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, डीनको कार्यालय, परीक्षा शाखा, बल्खुद्वारा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत Grading System अनुसार २०७५/२०७६ सालमा संचालन हुने स्नातकोत्तर तह **प्राणी शास्त्र, बनस्पति शास्त्र, माइकोबायोलोजी, जैविकप्रविधि र जल तथा मौसम विज्ञान** विषय दोश्रो वर्ष चौथो शत्र २०७३ समूहको नियमित र सोही शत्रको सो भन्दा अगाडिका समूहको आंशिक परीक्षाको परीक्षा आवेदन फाराम २०७५ साल चैत्र १७ गते सम्ममा बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । सम्वन्धित केन्द्रीय विभाग/क्याम्पस/कलेजहरुले फारामहरु रुजु गरी मिति २०७५ साल चैत्र २० गते सम्ममा यस कार्यालयमा अनिवार्य रुपमा बुझाउन पर्ने छ ।

**१. परीक्षार्थीहरुको फाराम पठाउंदा सम्बन्धित केन्द्रीय विभाग/क्याम्पस/कलेजहरुले ध्यान दिनु पर्ने कुराहरु :**

(क) परीक्षार्थीहरुको हाजिरी त्रि.वि. नियमानुसार परीक्षा फाराममा उल्लेख गर्नु पर्नेछ ।
(ख) आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा आवेदन फाराममा उल्लेख गर्नुका साथै छुट्टै लिष्ट पनि फराम साथै पठाउनु पर्नेछ ।
(ग) आन्तरिक मूल्यांकन उत्तीर्ण नगरेका विद्यार्थीहरुको परीक्षा फाराम नपठाउने ।
(घ) परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुको विषयगत संख्या (Subjectwise -data) परीक्षा आवेदन फारामसाथ पठाउनु पर्नेछ ।

**२. परीक्षा शुल्क :**

क. प्रति शत्र परीक्षा शुल्क नियमित    १,०००।-
ख. प्रति शत्र परीक्षा शुल्क आंशिक    १,०००।-

**३. विलम्ब शुल्क :**

परीक्षा फाराम भर्ने म्याद भुक्तान भएको मितिले पहिलो हप्ता सम्म   रु.   १,०००।-

**४. परीक्षा शुल्क बुझाउने सम्बन्धमा :**

सम्वन्धित केन्द्रीय विभाग/क्याम्पस/कलेजहरुले उपरोक्त अनुसार परीक्षा शुल्क उठाई डीनको कार्यालयको नाममा रहेको कीर्तिपुर स्थित नेपाल बैंकको चल्ती हिसाव नं. ०४५००१०००९९१०७००००१ मा जम्मा हुने गरी चेक वा ड्राफ्ट बनाई पठाउनु पर्ने छ ।

**५. परीक्षा केन्द्र** : पछि प्रकाशित गरिने छ ।

**६. प्रयोगात्मक परीक्षा** : परीक्षा सकिएको २ हप्ता भित्र प्रयोगात्मक परीक्षा सम्वन्धित केन्द्रीय विभाग/क्याम्पस र कलेजले सम्पन्न गरी सक्नु पर्नेछ ।

द्रष्टव्य :

* त्रि.वि.को निर्णय अनुसार परीक्षा केन्द्र परिवर्तन सम्वन्धी प्रावधान हटाइएको छ ।
* परीक्षार्थीले एक पटक विषय छनौट गरी परीक्षा फाराम भरी सके पछि विषय परिवर्तन गराउन नदिने भएकोले परीक्षार्थीहरुलाई फाराम भराउंदा विषय एकिन गराई फाराम भराउने ।
* परीक्षा आवेदन फाराम परीक्षार्थी स्वयंले नै भरी बुझाउनु पर्नेछ । साथै परीक्षा फाराम भर्दा परीक्षा फाराममा र प्रवेश पत्रमा समेत परीक्षार्थी आफैले नै पुरा दस्तखत गर्नु पर्दछ । अन्यथा पर्न गएमा यस कार्यालय जवाफदेही हुने छैन ।

२०७५।११।२६

सहायक डीन